# शिक्षक सेवा आयोगका सदस्य नियुक्तिका लागि सिफारिस गर्न गठित सिफारिस समितिको बैठक र छनोट सम्बन्धी कार्यविधि, २०८१

शिक्षा ऐन, २०२८ को दफा ११ख. को उपदफा (३) बमोजिम शिक्षक सेवा आयोगको रिक्त एक जना महिला सहित दुई जना सदस्य नियुक्तिका लागि नेपाल सरकारलाई सिफारिस गर्न लोक सेवा आयोगको अध्यक्षको अध्यक्षतामा सिफारिस समिति गठन भएकोले सो समितिले शिक्षा ऐन, २०२८ को दफा ११ख. को उपदफा (३) को प्रयोजनको लागि यो कार्यविधि बनाएको छ।

## १. कार्यविधिको नाम र प्रारम्भः

(१) यस कार्यविधिको नाम "शिक्षक सेवा आयोगका सदस्य नियुक्तिका लागि सिफारिस गर्न गठित सिफारिस समितिको बैठक र छनोट सम्बन्धी कार्यविधि, २०८१" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त लागू हुने छ।

## २. परिभाषाः

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "आयोग" भन्नाले शिक्षक सेवा आयोग सम्झनु पर्छ।

(ख) "ऐन" भन्नाले शिक्षा ऐन, २०२८ सम्झनु पर्छ।

(ग) "मन्त्रालय" भन्नाले शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय सम्झनु पर्छ।

(घ) "समिति" भन्नाले शिक्षक सेवा आयोगका सदस्यहरुको नियुक्तिका लागि सिफारिस गर्न गठित सिफारिस समिति सम्झनु पर्छ।

## ३. बैठक सम्बन्धी कार्यविधिः

(१) समितिको बैठकको अध्यक्षता समितिको अध्यक्षले गर्ने छ ।

(२) समितिको बैठक अध्यक्षले तोकेबमोजिमको मिति, समय र स्थानमा बस्ने छ ।

(३) समितिको बैठकको गणपुरक संख्याको लागि कम्तीमा समितिको अध्यक्ष र एकजना सदस्य उपस्थित भएको हुनु पर्ने छ ।

(४) समितिको निर्णय सर्वसम्मतिमा हुने छ । कुनै अवस्थामा सर्वसम्मत हुन नसकेमा अध्यक्ष सहितको बहुमतले गरेको निर्णय मान्य हुने छ ।

(५) समितिको निर्णय अध्यक्षको हस्ताक्षर पछि प्रमाणित भएको मानिने छ ।

(६) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुने छ ।

## ४. सदस्यको लागि चाहिने योग्यताः

शिक्षक सेवा आयोगको सदस्य पदमा नियुक्तिको लागि ऐनको दफा ११ग. मा उल्लेखित देहायको योग्यता पुगेको हुनुपर्नेछः

(क) नेपाली नागरिक,

(ख) नेपाल सरकारबाट मान्यता प्राप्त विश्वविद्यालयबाट स्नातकोत्तर उपाधि प्राप्त गरेको,
(ग) नियुक्त हुनुभन्दा कम्तीमा दुई वर्ष अगाडिदेखि कुनै राजनीतिक दलको सदस्य नरहेको,
(घ) चालीस वर्ष उमेर पुरा भई पैसठ्ठी वर्ष ननाघेको,
(ङ) कानून, शिक्षा वा प्रशासनको क्षेत्रमा कम्तीमा पन्ध्र वर्ष काम गरेको ।

**५. सूचना प्रकाशनः**

(१) समितिले आयोगको सदस्यहरू नियुक्तिको लागि योग्य उम्मेदवार छनोट गरी सिफारिस गर्न १५ दिनको समयावधि तोकी दरखास्त आव्हानसम्बन्धी सार्वजनिक सूचना प्रकाशन गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको सूचना गोरखापत्र राष्ट्रिय दैनिक र मन्त्रालयको वेवसाइटमा समेत प्रकाशन गरिनेछ ।

(३) दरखास्त दस्तुर बापत रु. ५०००/- बुझाउनु पर्नेछ ।

**६. दरखास्त दिने समयावधिः**

योग्यता पुगेका इच्छुक व्यक्तिहरुले सूचनामा तोकिएको दिनको कार्यालय समयभित्र तोकिएको स्थानमा आफ्नो योग्यता र अनुभव खुल्ने गरी दरखास्त पेश गर्नु पर्नेछ ।

**७. दरखास्तसाथ पेश गर्नु पर्ने कागजातहरूः**

उम्मेदवारले दरखास्तका साथ देहायका विवरणहरू खुल्ने प्रमाणित कागजातहरू समावेश गर्नुपर्नेछः

(क) शैक्षिक योग्यता सम्बन्धी स्वयम् प्रमाणित कागजातहरू,
(ख) अनुभव खुल्ने सम्बन्धित संस्थामा पूरा समय काम गरेको संस्थागत प्रमाणित कागजातहरू,
(ग) नेपाली नागरिकताको प्रमाणपत्रको स्वयम् प्रमाणित छायाँप्रति,
(घ) दुई बर्ष अगाडीदेखि कुनै राजनीतिक दलको सदस्य नरहेको स्वयम् घोषणा गरेको घोषणा पत्र ।

**८. अवधारणा पत्र सहितको व्यवसायिक कार्य योजना पेश गर्नुपर्नेः**

दरखास्तसाथ सदस्य भएपछि आयोगको सदस्यको रुपमा गर्ने कार्य र भूमिका समेटिएको अवधारणा पत्र (Concept Paper) सहितको पाँच वर्षको व्यावसायिक कार्ययोजना (Professional Work Plan) पेश गर्नुपर्नेछ ।

**९. दरखास्त रद्द र पुनः दरखास्त आव्हान गर्न सक्नेः**

समितिलाई प्राप्त दरखास्तमध्ये रीत नपुगी आएमा त्यस्तो दरखास्त रद्द गर्न तथा अपर्याप्त दरखास्त परेमा समितिले पुनः दरखास्त आव्हान गर्न सक्नेछ ।

## १०. छनौट विधिः

(१) योग्य उमेदवार छनोट गर्न समितिले देहायका विधिहरू अवलम्वन गर्नेछः

(क) दरखास्त साथ प्राप्त कागजात, अवधारणा पत्र सहितको व्यावसायिक कार्ययोजनाको मूल्याङ्कन ।

(ख) अवधारणा पत्र सहितको व्यवसायिक कार्ययोजनाको प्रस्तुतीकरण ।

(ग) अन्तर्वार्ता ।

(२) समितिले दफा ११ बमोजिमको मूल्याङ्कनका आधारमा रीत पुगेका उम्मेदवारको मूल्याङ्कन गर्नेछ ।

(३) समितिले आवश्यकता अनुसार दक्ष विज्ञको प्रयोग गर्न सक्नेछ ।

## ११. मूल्याङ्कनका आधारहरूः

मूल्याङ्कनका लागि देहायका आधारहरू लिइने छ:

| | | |
|---|---|---|
| (क) | शिक्षा, कानून र प्रशासनको क्षेत्रमा अधिकृतस्तरमा कार्य गरेको अनुभव वापत (सहसचिव वा सो सरह र सोभन्दा माथिको अनुभव वापत प्रतिवर्ष २ अङ्क र शाखा अधिकृत वा सो सरह र उपसचिव वा सो सरहको पदको अनुभव वापत प्रतिवर्ष १ अङ्कका दरले) बढीमा | -२० अङ्क |
| (ख) | न्यूनतम शैक्षिक योग्यता (प्रथम श्रेणी १०, द्वितीय श्रेणी ८, तृतीय श्रेणी ६ अङ्क) | -१० अङ्क |
| (ग) | अवधारणा पत्र सहितको व्यावसायिक कार्ययोजना | - ४० अङ्क |
| (घ) | अवधारणा पत्र सहितको व्यावसायिक कार्ययोजनाको प्रस्तुतीकरण | - १० अङ्क |
| (ङ) | अन्तर्वार्ता | - २० अङ्क |
| **जम्मा अङ्क** | | **- १००** |

अवधारणा पत्र सहितको व्यावसायिक कार्ययोजनाको प्रस्तुतीकरण तथा अन्तर्वार्तामा अधिकतम ७०% भन्दा बढी र न्यूनतम ४०% भन्दा कम अंक दिंदा पुष्ट्याई दिनु पर्नेछ । समितिका बहुमत सदस्यले कुनै उम्मेदवारलाई ७०% भन्दा बढी र ४०% भन्दा कम अंक प्रदान गरेकोमा मात्र त्यस्तो अङ्क गणना गरिने छ । बहुमत सदस्यले त्यसरी अङ्क प्रदान नगरेकोमा ७०% भन्दा बढी अङ्कलाई ७०% र ४०% भन्दा कम अङ्कलाई ४०% कायम गरिनेछ ।

## १२. संक्षिप्त सूची प्रकाशनः

(१) तोकिएको समयावधिभित्र एघार वा सो भन्दा बढी दरखास्त पेश हुन आएमा समितिले अवधारणा पत्र सहितको व्यावसायिक कार्ययोजनाको प्रस्तुतीकरण र अन्तर्वार्ताको लागि दफा ११ को देहाय क, ख र ग अनुसार मूल्याङ्कन गरी कम्तिमा एक जना महिलासहित दश जना उम्मेदवारहरूको वर्णानुक्रमानुसारको संक्षिप्त सूची (Short List) प्रकाशन गर्ने छ ।

## १३. नियुक्तिका लागि सिफारिस

समितिले उम्मेदवारको शैक्षिक योग्यता, अनुभव, अवधारणा पत्र सहितको व्यावसायिक कार्ययोजनाको मूल्याङ्कन, अवधारणा पत्र सहितको व्यावसायिक कार्ययोजना प्रस्तुतीकरण तथा अन्तर्वार्ताको अङ्कका आधारमा सबैभन्दा बढी अङ्क प्राप्त गर्ने १ जना महिला सदस्य र १ जना खुला सदस्यलाई आयोगको सदस्यको पदमा नियुक्तिका लागि मन्त्रालय मार्फत नेपाल सरकार समक्ष सिफारिस गर्नेछ ।

## १४. दरखास्त रद्द हुन सक्नेः

गलत वा झुठ्ठा कागज वा विवरण पेश गरेको देखिएमा समितिले जुनसुकै चरणमा उम्मेदवारको दरखास्त रद्द गर्न सक्नेछ ।

## १५. खर्च सम्बन्धी व्यवस्थाः

समितिको बैठक तथा आयोगका सदस्य छनोट सम्बन्धी अन्य व्यवस्थापकीय खर्च लोक सेवा आयोग खर्च (व्यवस्थापन) कार्यविधि, २०७७ बमोजिम मन्त्रालयले व्यवस्था गर्ने छ।

## १६. कागजपत्रको संरक्षणः

(१) समितिले सिफारिससम्बन्धी कार्य सम्पन्न गरिसकेपछि तत सम्बन्धी कागजातहरू मन्त्रालयमा सुरक्षित रहनेछन् ।

(२) समितिले गरेको मूल्याङ्कन सम्बन्धी सम्पूर्ण कागजात गोप्य रहनेछन् ।

## १७. सचिवालयः

समितिको सचिवालय मन्त्रालयमा रहनेछ र समितिको लागि आवश्यक कर्मचारी मन्त्रालयले व्यवस्था गर्नेछ तर अध्यक्षले तोकेको स्थानमा बैठक गर्न बाधा पर्ने छैन ।

## १८. कार्यविधिमा हेरफेरः

समितिले कार्यविधिमा आवश्यकता अनुसार हेरफेर गर्न सक्नेछ ।

## १९. विविधः

कार्यविधि कार्यान्वयनमा कुनै कठिनाई आईपरेमा समितिका अध्यक्षको निर्णय अन्तिम हुनेछ।

२०७९/३/२८

२०७९/३/२८